स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अन्तिम समयमा बिपिन कार्कीले बलिउड फिल्म 'एनिमल' गुमाउनुपर्‍यो । सोही समयमा 'प्रसाद २'को छायांकन सेड्युल जुधेपछि बिपिनका लागि तत्काल बलिउड डेब्यु टरेको थियो । तर, 'एनिमल' निर्देशक सन्दीप रेड्डी भांगाको आगामी एक फिल्ममा बिपिन देखिने सम्भावना छ । बिपिनले आफूलाई निर्देशक भांगाले आगामी फिल्मका लागि आश्वासन दिएको र उनीसँग काम गर्नु आफ्नो 'ड्रीम पर्फमेन्स' समेत हुने बताएका छन् ।

आजको विचार...



सामाजिक...
(दुई पेजमा)

रामनारायण विडारी



अभिनेत्री आना शर्माको हकमा गायक देबेन्द्र बब्लुको एउटा गीत सान्दर्भिक हुनसक्छ, 'म त पर्खेको पर्ख्यै छु ।' उनलाई फिल्मको अभाव नभए पनि कुनैमा काम गर्न पर्खेको पर्ख्यै छिन् भने कुनै अधुरैमा छायांकन रोकिएर अड्किएको छ । कोभिडपछि उनले अभिनेता राजेश हमालसँग फिल्म 'मायाको माया'मा काम गरेकी थिइन् । यो फिल्मको अझै २० प्रतिशत छायांकन हुन बाँकी छ । कोभिडअघि उनी अभिनेता अर्पण थापाको निर्देशनमा बन्न लागेको फिल्म "लिम्बो"मा अनुबन्ध भएकी थिइन् । यो फिल्म अहिलेसम्म बन्न सकेको छैन ।


❐ वर्ष २९ ❐ अंक ९१ ❐ २०८० असोज २९ गते सोमबार 16 October 2023, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# टुकी बाल्ने गाउँमा बिजुली !

**विद्युतका लागि ज्यामिरेका स्थानीयले पैसा बुझाएको भए पनि १५ वर्ष सम्म पनि बिजुली बाल्न नपाएपछि निराश बनेका थिए । ढिलै भएपनि गाउँमा बल्ल बिजुली बलेपछि स्थानीय अहिले उत्साहित भएका छन् ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज २८/१५ वर्ष अघि पाल्पाको निस्दी गाउँपालिका-७ ज्यामिरेका केही गाउँमा बिजुली ल्याउने चर्चा चल्यो, तर विजुली ल्याउने कुरा गर्दा कसैले पत्याउँदैन्थ्ये । स्थानीयको प्रश्न हुन्थ्यो, 'यस्तो विकट गाउँमा कसरी बिजुली बल्छ ?' वर्षौंदेखि दियालो र टुकीको भरमा रात काट्दै आएका स्थानीयको यहीं प्रश्नको उत्तर दिने साहस कसैले गरेनन् । बरु १४ वर्ष अघि यहाँ विजुली ल्याउन लालीगुँरास सामुदायिक विद्युतीकरण सहकारी संस्थाले काम थाल्यो तर १४ वर्षपछि उसले लामेदमार, गोडडाँडा, डेलखरक र मतियारडाँडा लगायतका गाउँमा विद्युत पुऱ्याए पनि ज्यामिरे, बतासा, मोटेखरक, अधमारा, सिन्दुरे, सिमलडाँडा र मोटेखरकलाई भने बञ्चित गऱ्यो । त्यसपछि त झन् गाउँलेले बिजुलीबत्ती बाल्ने सपना नै मारिदिए । बतासामा २४ असोजमा बिजुलीबत्ती उद्घाटन हुने खबर गाउँभरी फैलियो । गाउँमा बिजुलीबत्ती





बाल्ने सपना मारेर बसेका अधिकांश बासिन्दाले त्यसलाई हल्लाका रुपमा लिए, धेरैले पत्याएनन् । तर जब गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारुले बतासमा रहेको स्विच थिचे, तब बिजुली बल्यो । बिजुली बलेपछि ज्यामिरेका ५२ वर्षीय मनु सारु दंग छन् ।

'बत्ती बलेको देख्दा निकै खुसी लागेको छ,' सारुले भने, 'हाम्रो गाउँ पनि उज्यालो हुने भयो ।' विद्युत नहुँदा घरमा टुकी बाल्थे । उखरमाउलो गर्मीमा चाहेर पनि पंखा राख्न सकेका थिएनन् । 'अब सजिलो हुने भयो,' उनले भने । सोही वडाकै सिन्दुरे गाउँका ६० वर्षीय दीपक रानाले पारीको गाउँमा घरबाटै बिजुली बलेको देख्थे । आफ्नोतर्फ भने अन्धकार नै थियो । 'बत्ती नहुँदा धेरै दिक्कत सहनुपरेको थियो,' उनले भने, 'केटाकेटीले राम्रोसँग पढ्न पाउँथेनन् ।' 'टुकी र सोलार बालेर जसोतसो रात काट्दै थियौं तर, विद्युतीय उपकरण सञ्चालन गर्न समस्या भइरहेको थियो, रानाले भने, 'गाउँमा बिजुली पुगेपछि हामी निकै नै खुसी छौं, अब हाम्रो पनि दैनिकी सहज हुनेछ ।' अँध्यारोमा टुकीको भरमा रात काट्दै आएका राना र सारु जस्तै २ सय बढी घर परिवार अहिले केन्द्रीय प्रसारण लाइन पुगेपछि खुसीले गदगद छन् ।

गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारुले स्थानीयको मेहनत, साथ र सहयोगका कारण लामो समयको प्रयासपछि बिजुली बाल्न सफल भइएको बताए । पालिकाभित्र बाँकी रहेका स्थानमा केन्द्रीय प्रसारण लाइनको सेवा विस्तार गर्ने उनले बताए । वडा अध्यक्ष मुक्तबहादुर पाटाले भने, 'वडावासीको सपना पूरा भएको छ, हामी वर्षौंपछि अन्धकारबाट मुक्त भएका छौं । उज्यालोसँगै गाउँमा समृद्धिको प्रवेश भयो, अब गाउँको जीवनस्तरमा पनि सुधार आउनेछ ।' यहाँका यी गाउँहरुहरु बिजुली विस्तार भएसँगै अब विकट मानिने मनोधारम, देवोको, मदनपुर, क्षेत्रीखरक, बाहुनेखरक, पाहसिं लगायतका ठाउँहरुमा पनि बिजुली पुऱ्याउने गरी विद्युत निर्माणको प्रक्रिया अगाडि बढेको वडा अध्यक्ष पाटाले बताए । उनका अनुसार गाउँपालिकामा अधिकांश बस्तीहरु छरिएर रहेका छन् । अहिले करिब २ सय २५ घरधुरीमा केन्द्रीय प्रसारण लाइन पुगेको वडा अध्यक्ष पाटाले एनजेडीलाई जानकारी दिए । विद्युतका लागि ज्यामिरेका स्थानीयले पैसा बुझाएको भए पनि १५ वर्ष सम्म पनि बिजुली बाल्न नपाएपछि निराश बनेका थिए । ढिलै भएपनि गाउँमा बल्ल बिजुली बलेपछि स्थानीय अहिले उत्साहित भएका छन् । यसअघि सामुदायिक विद्युत प्रसारण लाइनबाट यहाँका चारघरे, घुल्लीखरक, पोखरीछाप, हुवास र दार्सिङबासमा विद्युत सेवा पुगिसकेको छ । अहिले निस्दीको बेभोके, रोल्लाबास, मदनपुर लगायतका टोलमा विद्युत विस्तारका लागि खम्बा गाड्ने र तार तान्ने काम भइरहेको छ । मदनपुरमा अहिलेसम्म सडक विस्तार हुन नसक्दा विद्युतको काममा गाह्रो भएको वडा अध्यक्ष पाटाले बताए । यहाँ हरेक निर्वाचनमा विद्युतको विषय नै मुख्य नारा बन्ने गर्दछ तर कार्यान्वयन नहुँदा वर्षौंदेखि नागरिक टुकीको भरमा रात बिताउँदै आएका छन् । सरकारले देशमा उत्पादन भएको विजुली भारत निर्यात गर्दै आए पनि यहाँका जस्ता गाम्रीण क्षेत्रमा भने अझै विजुली पुऱ्याउन सकेको छैन ।

## संक्षिप्त समाचार

### कोशी प्रदेशमा मन्त्रिपरिषद् विस्तार

**पाल्पा,** असोज २८/कोसी प्रदेशका नवनियुक्त मुख्यमन्त्री केदार कार्कीले मन्त्रिपरिषद् विस्तार गरेका छन् । पद तथा गोपनीयताको शपथ लिएलगत्तै मुख्यमन्त्री कार्कीले दुईजना मन्त्री थपेर मन्त्रिपरिषद विस्तार गरेका हुन् ।

कार्कीले नेकपा एमालेका रामराना र नेपाली कांग्रेसका शमशेर राईलाई मन्त्री बनाएका छन् । उनीहरू दुवैजनाले पद तथा गोपनीयताको शपथ लिइसकेका छन् । उनीहरूको मन्त्रालय भने तोकिएको छैन । सत्तारुढ गठबन्धनले मुख्यमन्त्री कार्कीलाई आफ्नो उम्मेदवार बनाउने घोषणा गर्दै एमाले बाहेकको प्रदेश मन्त्रिपरिषद् गठन हुने अपेक्षा गर्दै आएको थियो । संविधान धारा १६८ (५) अनुसार अनुसार कांग्रेसका ८ र एमालेका ३९ जना सांसदको समर्थनमा कार्की मुख्यमन्त्री भएका हुन् । कांग्रेसका सांसदहरु कांग्रेस नेता शेखर कोइराला निकटका हुन् । प्रदेश प्रमुख पर्शुराम खापुङले सरकार गठनका लागि आह्वान गरेदेखि नै कोइरालाले मुख्यमन्त्री कार्कीलाई बनाउन लबिङ गर्दै आएका थिए । शनिबार मात्रै प्रधानमन्त्री पुष्पकमल दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा र कोइरालाबीच सत्तारुढ गठबन्धनलाई मजबुत बनाउने सहमति गरेका थिए । तर त्यो सहमति कार्यान्वयन हुन सकेन ।

## हेलो सरकारले के गर्छ ?

- सार्वजनिक निकायमा हुने भेदभाव, बञ्चिती, सेवा प्राप्तिमा अवरोध, नोक्सानी एवं कुनै पीरमर्का बारे नागरिकका गुनासा सुन्छ ।
- कतिपय गुनासो कार्यकक्षबाटै सम्बन्धित निकायसँग सम्पर्क गरी सम्बोधन हुन्छ ।
- गुनासा सम्बोधनका लागि सम्बन्धित निकायहरुमा निर्देशन सहित पठाउँछ ।
- गुनासोउपर कारवाही भए नभएको नियमित ताकेता ।
- गुनासो व्यवस्थापन गर्ने जिम्मेवार अधिकारीसँग निरन्तर छलफल हुन्छ ।

त्यसैले,
आफूलाई परेको पीरमर्का तथा गुनासो हेलो सरकारमा टिपाऔं, समस्याको समाधान खोजौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## अनिष्टको खतराले जमरा राख्दैनन् माझी समुदाय

**गलकोट (बागलुङ),** असोज २८/ नेपालीहरूको महान् चाड बडादसैंको पहिलो दिन आइतबार घटस्थापना । बडादसैंको पहिलो दिन सबै नेपालीको घर-घरमा जमरा राखिन्छ । जमरा राख्नुपूर्व गाउँघरमा रातो तथा कमेरो माटो र सहरमा विभिन्न रङले घर लिपपोत तथा रङरोगन गरिन्छ । घर शुद्ध भएपछि मात्र देवीको आगमन हुन्छ भन्ने मान्यता छ ।

अनिष्टको डरले बागलुङमा रहेको सीमान्तकृत माझी समुदायले भने जमरा नराखी नै दसैं मनाउँदै आएका छन् । देवीलाई जौंको जमरा मन पर्ने भएकाले घटस्थापनाको दिन विधिपूर्वक जौं, गहुँ तथा मकैलाई माटोमा छरिन्छ र टीकाको साइतमा जमरालाई फूलको रूपमा प्रयोग गर्ने चलन भए पनि बागलुङ नगरपालिका-१ रामरेखाका खनियाबासका माझी



समुदायले भने जमराबिनै दसैं मनाउँदै आएका छन् । उनीहरूले घरमा जमरा नराखेको वर्षौं भएको बताएका छन् । जमरा राख्दा अनिष्ट हुने भन्दै पुस्तौंदेखि घटस्थापनामा जमरा नराख्ने गरेको माझी समुदायका स्थानीय देउकुमारी माझीले बताइन् । 'जमरा राख्दा अनिष्ट भएपछि राख्न छाडिएको हो भन्ने गर्छन् पाका पुरानाहरू', माझीले भनिन्, 'घटस्थापनाको दिन जमरा छर्ने क्रममा कन्याहरूको मृत्यु भएको र त्यसपछि जमरा नराखी दसैं मनाउन थालिएको भन्ने सुनिन्छ, अहिले दसैंको दिन कालिका मन्दिरमा छरेका जमरा लिएर टीकासँगै लगाइन्छ ।' माझीका अनुसार दसैंको दिन टीका, जमरा त लगाउँछन् तर जमरा भने मागेर वा मन्दिरमा पुगेर ल्याउने चलन छ । घरमा जमारा राखेपछि अनिष्ट हुने विश्वासले यहाँका १७ माझी परिवारले घरमा जमरा नराख्ने गरेको पाइन्छ । यसलाई माझी समुदायले आृनो परम्पराको रूपमा लिँदै आएका छन् ।

तीन पुस्ताअघिसम्म जमरा राखे पनि त्यसपछि ठूलै अनिष्ट घटना भएपछि जमरा राख्न छाडिएको सोमबहादुर माझीले बताए । खनियाबास र मालढुङ्गामा बस्ने माझीहरूले घरमा जमरा नराख्ने चलन अहिले परम्पराका रुपमा स्थापित भइसकेको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व खाद्य दिवसको सन्दर्भ

आज १६ अक्टोवर अर्थात् विश्व खाद्य दिवस । 'पानी जीवन हो, पानी खाना हो' भन्ने नाराका साथ संसारभर विश्व खाद्य दिवस मनाइँदै छ । खाद्यान्न संकट तथा भोकमरिविरुद्ध लड्ने संयुक्त प्रतिवद्धताका साथ संसारभर यो दिवस मनाइन्छ । संयुक्त राष्ट्र संघको विशिष्टिकृत निकाय खाद्य तथा कृषि संगठनको प्रस्तावलाई राष्ट्र संघले पारित गरेसँगै सन् १९८१ देखि यो दिवस मनाइँदै आइएको हो । सन् १९५१ नोभेम्बरमा खाद्य तथा कृषि संगठनको सदस्यता पाएको नेपालले २०३८ साल (सन् १९८१) देखि यो दिवस मनाउँदै आएको छ । नेपालले मनाएको पहिलो खाद्य दिवसको नारा 'उब्जनी बढाऔं, सन्तुलित खाना खाऔँ, बढी जोगाऔँ' थियो तर नारा र घोषणामा प्रतिवद्धता जनाए अनुरुप नेपालले कृषि तथा खाद्यान्न उत्पादन, सञ्चिती र वितरणमा भने खासै प्रगति गर्न सकेको छैन । यो अत्यन्त दुःखको कुरा हो ।

अहिले बढ्दो विश्वव्यापी खाद्य संकट, गरिबी, कुपोषण र जलवायु परिवर्तनको कृषि क्षेत्रमा बढ्दो प्रभावसँगै खाद्य असुरक्षा भोगिरहेका लाखौं विपन्न समुदायको खाद्यमा पहुँच बढाउन कस्तो खाद्य तथा कृषि प्रणाली अपनाउने भन्ने सर्वत्र बहस चलिरहेको छ । यस्तो अवस्थामा हामीले अब नाफा कमाउन गरिने पश्चिमी शैलीको व्यापारिक कृषि गर्ने वा साना किसानमैत्री, स्थानीय स्रोत–साधनमा आधारित दिगो खाद्य तथा कृषि प्रणाली अपनाउने भनेर रोज्ने बेला आएको छ । अहिले नेपालमा सजिलै उत्पादन हुने गेडागुडी, मासु, तरकारी र फलफूल समेत आयातको सूचीमा छन् । समृद्धिको भाषण गर्न नथाक्ने नेताहरुको प्राथमिकतामा कृषि कहिल्यै परेन । राष्ट्रवादका नाराले मात्र कृषि उत्पादन बढेन, भोका किसानको पेट भरिएन, न त युवा किसानको खाडी यात्रा नै रोकियो । कृषिको दीर्घकालीन रुपान्तरणका लागि समयमै आवश्यक पहल गर्न नसक्ने हो भने केही वर्षपछि हामीले खाद्यान्न आयात दिवस मनाउनुपर्नेछ । यसर्थ बदलिएको कृषि विकासका आयामहरूको विश्लेषण गरी आम राजनीतिक प्रतिवद्धतासहितको स्पष्ट दृष्टिकोण बनाई कृषि क्षेत्रको रुपान्तरण गर्न सके मात्र विश्व खाद्य दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने निश्चित छ ।

### Opinion @ Social Network

प्रेम एक अनन्त रहस्य हो
किनकि कुनै उचित कारण छैन, जसले यसलाई व्याख्या गर्न सक्छ ।
*(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक सुरक्षा भत्ता सिसाभित्रको मिठाई ?



**रामनारायण विडारी**

सामाजिक सुरक्षा खासगरी दुई प्रकारका देखिन्छन् । पहिलो : समुदाय वा क्षेत्रमा सरकार वा गैरसरकारी संस्थाबाट सञ्चालित सामाजिक सुरक्षा, जसलाई सुरक्षा प्राप्त गरेका छन्, तिनीहरूको कुनै पनि योगदान यस अभियानमा रहेको हुँदैन । दोस्रो : सामाजिक सुरक्षा पाउनेले यस अभियानमा आफ्नो हैसियतको योगदान गरेका हुन्छन् । यस सम्बन्धमा रोजगार दाता, कामदार वा ट्रेड युनियन र सरकारबीच सम्झौता भएको हुन्छ । सो सम्झौतामा सामाजिक सुरक्षाका किसिम र क्षेत्र उल्लेख भएको हुन्छ । यसमा रोजगारदाता वा कामदारबाट योगदान दिइएको हुन्छ । सो योगदानमा सरकारबाट सहयोगस्वरूप योगदानका आधारमा रकम प्रदान गरिएको हुन्छ । यसरी एक कोष नै खडा गरिन्छ । यसलाई योगदानमा आधारित सामाजिक सुरक्षा भनिन्छ । नेपालमा दुवै किसिमको सामाजिक सुरक्षा क्रमश: सुरुवात भएको छ । यसै वर्ष पनि विभागले योगदानमा आधारित सार्वजनिक सुरक्षा कोषमा रकम दाखिला नगरेको भए सूचना गर्नका लागि सार्वजनिक सूचना जारी गरेको छ । प्रथम सामाजिक सुरक्षा निम्ति सामाजिक सुरक्षा ऐन २०७५ जारी भई कायम छ ।

यो ऐनले संविधानप्रदत्त सामाजिक सुरक्षालाई समेट्न कोसिस गरेको छ । संविधानको प्रावधानलाई लागू गर्न नै यो ऐन जारी भएको हो । यो ऐनले लोपोन्मुख जाति को-को हुन् भनी किटान गरिदिएको छ । २०७६ मा यसको नियमावली जारी भइसकेको छ । यो कानुनले संविधानबाट निश्चित गरिएका ज्येष्ठ नागरिकदेखि लोपोन्मुख जातिसम्मका आठ प्रकारका नेपाली नागरिकलाई किटान गरी सामाजिक सुरक्षा भत्ता पाउने प्रावधान गरेको छ । ती नागरिकलाई विनायोगदान सामाजिक दायित्व राज्यले बेहोर्ने नीतिअन्तर्गत समावेश गरिएको छ । यो भत्ता राज्यको निगाहा होइन, नागरिकको अधिकार हो । विपन्न नागरिक कसलाई भन्ने भनी ऐनमा किटान गरिएको छैन, नियमावलीमा पनि स्पष्ट छैन । जसकारण यो शीर्षकको भत्ता लिन कठिनाइ देखिन्छ । यो सिसाभित्र राखेको मिठाई भएको छ, जसलाई गरिबले हेरेर वासनासम्म लिन सक्छन् । महिलाका बारेमा असहाय एकल महिला भत्ता भनिएको छ । जसमा महिलाको निम्न योग्यता भएको हुनुपर्नेछ – १) असहाय । २) ६० वर्ष उमेर पुगेको । ३) एकल । ४) नेपाल सरकारले तोकेको महिला । उपरोक्त योग्यता पुगेका निम्न महिलाले भत्ता पाउनेछन् – १) सम्बन्धविच्छेद गरी अर्को विवाह नगरेका । २) विधवा । ३) न्यायिक पृथकीकरण गरेर बसेका । (४) विवाह नगरेका । यी महिलाको आय नेपाल सरकारले तोकेकोभन्दा न्यून हुनुपर्नेछ । यो भत्ता पाउनका लागि श्रम गर्न नसक्ने ६० वर्ष नाघेका हुनुपर्नेछ । बालकहरूलाई पनि पोषण भत्ता दिने व्यवस्था छ : अति विपन्न वर्गका, लोपोन्मुख जातिका, नेपाल सरकारले तोकेको बालक जो पाँच वर्षभन्दा मुनि भएको हुनुपर्नेछ । आफ्नो हेरचाह आफैँ गर्न नसक्नेको पनि ऐनमा व्याख्या गरिएको छ । अल्जाइमर्स, पार्किन्सस, स्पाइनल कर्ड इन्जुरी, ब्रेन ह्यामरेज, सुस्त मनस्थिति, पक्षघात, सिकल सेल एनिमिया, मानसिक अवस्था ठीक नभएको, अटिजम् भएको कुरा चिकित्सकबाट प्रमाणित भएकालाई मानिने भनिएको छ । खासगरी लोकतान्त्रिक परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार वा यस क्रममा अपांग भएकाहरू, घाइते वा पीडितले अन्य सुविधा पाएका छैनन् भने सामाजिक सुरक्षा वा सम्मान पाउनेछन् । यो सबै काम गर्न नेपाल सरकारको दायित्व हुनेछ । यसलाई कार्यान्वयन गर्न नेपाल सरकारले बजेटमा विनियोजन गर्नुपर्ने व्यवस्था गरिएको छ । यस्तो सुविधा तीन तहको सरकारमध्येबाट एक तहबाट मात्र गरिनेछ । यी सबै कुराको अनुगमन गर्नका निम्ति स्थानीय तहको प्रमुख वा अध्यक्षलाई तोकेको छ । निजहरूले वार्षिक प्रतिवेदन प्रदेशमा पठाउनुपर्ने कानुनी व्यवस्था भए पनि यसको कार्यान्वयन भने भएको छैन । यसरी संविधान प्रदत्त सामाजिक सुरक्षालाई कानुनद्वारा व्यवस्थित गरी यस ऐनलाई विशेष ऐनको रूपमा राखी यस ऐनमा लेखिएका कुरा यही ऐनबमोजिम हुनेछ भनी किटान गरिएको छ । यति हुँदाहुँदै पनि यो कानुन प्रभावकारी रूपमा लागू हुन सकेको छैन । कैयौँ नागरिकले उल्लिखित सुविधा प्राप्त गर्न सकेका छैनन् । यस ऐनले खालि भत्ताका रूपमा मात्र उल्लेख गरेको छ । यसबाहेक नागरिकलाई अन्य सुविधा तोकिएको छैन ।

सामाजिक सुरक्षामा मनोरञ्जन, यात्रा, उपचार, व्यवस्थापन आदि पनि पर्नुपर्ने हो तर नेपालको कानुनले यी कुरा समेट्न सकेको छैन । दोस्रो सामाजिक सुरक्षामा योगदानमा आधारित सामाजिक सुरक्षालाई लिइनेछ । यसलाई नेपालले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ बनाई लागू गरेको छ । जसमा सम्बद्ध ऐनमा श्रम ऐन, बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६, ट्रेड युनियन ऐन २०४९, वैदेशिक रोजगारी ऐन २०६४, बिमा ऐन, कर्मचारी सञ्चयकोष ऐन, नागरिक लगानी कोष ऐन लगायत दर्जनौँ ऐन छन् । २०७४ साउन २९ देखि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जारी भएको छ । यसअन्तर्गत योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७५ पनि जारी भइसकेको छ । यसले एउटा कोषको स्थापना गराएको छ । जसमा एक सञ्चालक समिति छ । यो ऐन खासगरी श्रमिकको हक सुनिश्चित गर्न र ज-जसले योगदान गर्छन्, उनीहरुको सुरक्षा गर्नका निम्ति यो ऐन आएको हो । २०७५ मंसिर ११ देखि औपचारिक क्षेत्रका श्रमिकलाई यो कोषमा आबद्धता गराउन शुभारम्भ गरिएको थियो । २०७६ साउन १ गतेदेखि यो कार्य औपचारिक क्षेत्रमा प्रवेश गरेकामा २०७९ चैतदेखि वैदेशिक रोजगारहरूलाई पनि आबद्धता सुरु भयो । यसमा १८ हजार रोजगारदाता र चार लाख ५० हजार योगदानकर्ता श्रमिक आबद्ध भइसकेका छन् । नेपालको यो अभ्यास नयाँ नै हो । यसले रोजगारदाता र सरकारलाई पनि श्रम विवाद कमी हुने र रोजगारदाताको दायित्व पनि कोषतिर सर्ने भएकाले यो राज्यबाटै प्राथमिकता राखेको छ । विकसित राष्ट्रमा यो अभ्यास पुरानो भइसकेको छ । नेपालमा परम्परागत सोच भएका रोजगारदाताले सामाजिक सुरक्षामा आबद्ध हुन आनाकानी गरिरहेका छन् । सरकार पनि पुँजीवादी चिन्तनका कारण कतै यस्ता कामले समाजवादतिर त मुलुक अगाडि बढ्दैन भनी यसलाई अगाडि बढाउन शंका गरिरहेको देखिन्छ । हालै सरकारले वैदेशिक रोजगारीमा गएका योगदानकर्तालाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न आह्वान गरेको थियो, जसमा वैदेशिक रोजगारीमा रहेका योगदान गर्न तयार भई कोषमा आबद्ध हुनेको संख्या तीन लाखका हाराहारीमा पुगेको देखिन्छ । वैदेशिक रोजगारदाताको कम्पनी कोषमा आबद्ध नभएमा नवीकरण नगर्ने नीति वर्तमान सरकारले लिएको छ । नयाँ कम्पनी दर्ता वैदेशिक रोजगारदातालाई पनि कोषमा आबद्ध नभई दर्ता नगर्ने नीति सरकारले लिएको छ । यसबाट बाध्यात्मक रूपमा कोषमा आबद्धता बढेको हो । यसलाई ती आबद्धकर्ताले पनि विरोध गरी रहेका छैनन् । किनकि वैदेशिक रोजगारीमा जाने श्रमिक विभिन्न समस्यामा रुमलिएको पाइन्छ । यो कोषको आबद्धताले ती समस्यामा राहत पाउनेछन् र रोजगारदाता पनि आफ्नो दायित्व सर्ने भएकाले यसमा आपत्ति जनाउँदैनन् । बरु सरकारले स्वदेशभित्रका रोजगारदातालाई पनि कम्पनी वा फर्म नयाँ दर्ता गर्दा वा नवीकरण गर्दा नै कोषसँगको आबद्धता गर्ने गराउने व्यवस्था गरेमा सामाजिक सुरक्षा कोषमा आबद्धतामा आउनेछन् ।

वास्तवमा नेपालमा रोजगारदाता प्रतिष्ठान कति संख्यामा छन् भन्ने यकिन रूपमा भन्न सजिलो छैन, कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता छन् तर सञ्चालनमा छैनन् । तसर्थ हाल नेपालमा करिब एक लाख ५० हजारजति कम्पनी सञ्चालनमा छन् भनी अनुमान गरिन्छ । सरदर नौ लाख कम्पनी, फर्म दर्ता छन् तर १८ हजार मात्र सामाजिक सुरक्षा कोषमा दर्ता छन् । त्यसैले कहाँ कमजोरी छ, के के बाधा-अड्चन छन् भन्ने अध्ययन जरुरी छ । समस्या कानुनमा हो कि संरचनामा हो, पदाधिकारीमा हो कि सरोकारवालामा, चिन्तनमा हो कि व्यवहारमा यसको पनि यकिन गर्नु वाञ्छनीय छ । राज्य, रोजगारदाता र ट्रेड युनियनहरूको संयुक्त प्रयासबाट जारी गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र अन्य प्रत्यायोजित विधायन साथै यसअन्तर्गत स्थापना र सञ्चालन भएको सामाजिक सुरक्षा कोष प्रभावकारी रूपमा सञ्चालन छैन । प्राप्त विवरण अनुसार ०७५ देखि ०८० असारसम्म पाँच वर्षमा सामाजिक सुरक्षा कोषमा रोजगारदाताहरू १८ हजार २३३ र योगदानकर्ता सात लाख ४६ भन्दा बढी आबद्ध छन् । तीन लाख त विदेशमा जाने, गएका र स्वरोजगार भएकाहरू आबद्ध भएका छन् । मुलुकमा एक लाख जति चालू प्रतिष्ठान र ४५ लाख जति श्रमिक छन् । फेरि सरकार, रोजगारदाता र ट्रेड युनियनबीच आबद्धता बढाउने सहमति भएको छ । आबद्ध नहुनुमा योगदानमा थप अनुदान दिन आलटाल गर्ने वा झुक्याउने प्रवृत्ति रोजगारदातामा देखिन्छ । सरकारमा भने दिनुपर्ने सुविधा दिँदा अल्झाउने, कार्यविधिमा समय लगाउने समेत देखिन्छ । जस्तै : राज्यले स्वास्थ्य बिमा गरेपछि वीरगन्जको मान्छे काठमाडौँ आउँदा बिरामी भई आकस्मिक सेवा लिन सरकारी अस्पतालमा जाँदा सिट छैन भने पनि सो बिरामीले विकल्प खोज्नैपर्छ । अन्यथा उसको मृत्यु हुन सक्छ । विकल्प खोज्दा अर्को सरकारी अस्पताल भर्ना भई उपचार गर्छ अनि उसले उक्त अस्पतालमा बिमाको दाबी गर्छ । अस्पताल भन्छ – यो अस्पताल बिमामा संलग्न छैन । त्यसैले बिमा रकम दिन सकिन्न । बिरामी भन्छ – यो सरकारी अस्पताल हो, म स्वास्थ्य बिमाको सदस्य हुँ वा बिमक हुँ । तर अस्पताल मान्दैन । अनि के मतलब भयो, स्वास्थ्य बिमा गरेको ? बिरामीको प्रश्न छ – राज्यले बिमा गरेपछि बिमकलाई कानुनबमोजिम उपचार खर्च दिनैपर्ने वा सरकारी अस्पतालले बिमकको उपचार प्राथमिकतामा राखेर गर्नुपर्ने नीति सरकार किन बनाउन सक्दैन ? योगदानकर्ताले पनि रोजगारदातासँग सुमधुर सम्बन्धबाट यो सामाजिक सुरक्षामा आबद्ध गराउनुपर्ने कर्तव्यबाट च्यूत भएको देखिन्छ । यसका लागि औपचारिक क्षेत्रका श्रमिक बाहेकका लागि अलग्गै योजना खडा गरी कार्य गर्न पनि सक्ने प्रावधान कानुनमा छ ।

वर्ष २०७६ मा उपरोक्त सामाजिक सुरक्षा समेतमा खर्च गर्न श्रम रोजगार सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत स्थानीय तह र प्रदेश सरकारमा ससर्त अनुदान दिएको रकम नै ११ अर्ब ४२ करोड थियो । क्रमश: यो रकम बढ्दै गएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम भनेर २०७६ मा अब पाँच वर्षभित्र विदेश रोजगारीका लागि जाने अवस्था अन्त्य गर्ने भनिएको थियो । हाल त्यो संख्या वृद्धि हुँदै गइरहेको अवगतै छ । बेरोजगारलाई सूचीकृत गरी सार्वजनिक विकास कार्यमा लगाउने भनिएको थियो । संसद्मा रोजगारी प्रत्याभूतिसम्बन्धी विधेयक पेस गर्ने भनिएको थियो । सरकारी निर्माण काममा रोजगार केन्द्रबाट सिफारिस भई आएकालाई काममा लगाउने भनिएको थियो । दक्ष श्रम आपूर्ति केन्द्र तीनै तहमा स्थापना गर्ने भनिएको कुरामै सीमित भयो । सय दिनको रोजगारी ग्यारेन्टी गर्ने, २२ लाख श्रम दिनको रोजगारि सिर्जना गर्ने भन्ने लिखित दस्तावेज कुरामा मात्र सीमित भएको देख्दा नेपालका सरकार र नीति हास्यास्पद देखिन्छ । यी कुनै पनि कार्य सम्पन्न भएनन् तर यसको नाममा बजेट खर्च भए । यो नै दु:खदायी देखिन्छ । सरकार, केही दलका नेता तथा कार्यकर्ताले अर्बौं बजेट स्वाहा पारे भनेर हल्ला भएको छ । यसो भन्दा दु:ख नै लाग्छ । ***-रातोपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सम्मान र प्रतिष्ठा प्राप्त हुनसक्छ। परोपकारका क्षेत्रमा लगानीको समय छ। | **तुला** : कार्य सम्पादनमा सहजता मिल्नेछ। वैदेशिक कमहरू आगाडि बढ्नेछ । |
| **वृष** : कामका अवसर फेला पर्नेछन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । | **वृश्चिक** : सहयोगी र नातागोताको साथ मिल्नेछ । वैदेशिक काम पनि बन्न सक्छ। |
| **मिथुन** : आफ्नो प्रयासबाट दीर्घकालिक फाइदा पुग्नेछ । मनमा शान्ति छाउनेछ। | **धनु** : सामाजिक कार्यमा सफलता मिल्नेछ। सहयोगीहरूको राम्रो साथ पनि मिल्नेछ। |
| **कर्कट** : मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ। | **मकर** : मान सम्मान पाइनेछ । दाम्पत्य जीवनमा मधुरता छाउनेछ । |
| **सिंह** : बोलीको प्रभाव बढ्नेछ । नयाँ कामको थालनी पनि हुनेछ । | **कुम्भ** : समयमा सही निर्णय लिन सकिनेछ । अध्ययनमा सफलता मिल्नेछ। |
| **कन्या** : धार्मिक कार्य सफल हनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । | **मीन** : अधिकारका लागि संघर्ष गर्नुपर्ला। परिवारमा केही असामान्यता देखिन सक्छ। |



# एउटै विद्यालयमा ३९ अक्षयकोष

यहाँको पूर्णामृत भवानी माध्यमिक विद्यालयमा अक्षयकोषको संख्या ३९ पुगेको छ । वालिङ-१० फूलबारीमा तीन वर्षअघि पूर्णामृत भवानी मावी र कालिका आधारभूत विद्यालय एकापसमा मर्ज भएपछि विद्यालयमा अक्षयकोषको संख्या बढेको हो । विद्यालयको शैक्षिक गतिविधिमा सहयोग पुऱ्याउने उद्देश्यसहित दाताहरुले अक्षयकोषको स्थापना गरेका हुन् । पूर्णामृत भवानी माविका १९ र कालिका आधारभूत विद्यालयका २० गरी अक्षयकोषको संख्या ३९ पुगेको हो ।




"विद्यालयमा संस्थागत, सामूहिक वा व्यक्तिगतरुपमा पनि अक्षयकोष भएका छन्", विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद अर्यालले भने, "दाताहरुले जुन शीर्षकका लागि अक्षयकोष स्थापना गर्नुभएको हो सोही शीर्षकमा खर्च हुन्छ ।" विद्यालयको वार्षिकोत्सवका अवसरमा दाताकै उपस्थितिमा अक्षयकोषको रकम खर्च गरिने उनको भनाइ छ । हालसम्म विद्यालयमा स्थापना भएका अक्षयकोषमध्ये सबैभन्दा ठूलो राशिको रु तीन लाख ३३ हजार तीन सय ३३ र थोरै राशिको रु दश हजार ११ को रहेको छ । अक्षयकोषको व्यवस्थापन गर्नका शिक्षक गोपालधन सुवेदीको संयोजकत्वमा डिल्लीराम बगाले र अर्जुनप्रसाद तिवारी सदस्य रहेको 'अक्षयकोष छात्रवृत्ति ब्यवस्थापन समिति' गठन गरिएको छ । गरिब, जेहेन्दार, सर्वोत्कृष्ट छात्रछात्रा, अतिरिक्त क्रियाकलाप, अनुशासित विद्यार्थी लगायतका विभिन्न शीर्षकमा छात्रवृत्ति वितरण गर्ने गरिएको छ । विद्यालयमा हाल अक्षयकोषको कूल रकम रु सत्र लाखभन्दा बढी पुगेको छ । उक्त विद्यालय २०१९ सालमा स्थापना भएको स्याङ्जाकै पुरानो मध्येको एक विद्यालय हो । *-रासस*

# प्रधानाध्यापकले बाँडिदिए आफ्नो तलब निजी स्रोतका शिक्षकलाई

शुक्लाफाँटा नगरपालिकाको आन्तरिक खिचलोका कारण निजी स्रोतका शिक्षकको तलब रोकिएको छ । दसैँका बेला तलब थाप्न नपाएपछि उनीहरु निराश बनेका छन् । यसैबीच दसैँका बेला बेखर्ची भएका निजी स्रोतका शिक्षकलाई दीपनगर आधारभूत विद्यालयका प्रधानाध्यापक धर्मा भण्डारीले आफ्नै तलव वापतको रकम वितरण गरेका छन् । उनले साउनदेखि असोज महिनासम्मको पाएको तलब बापतको रकम विद्यालयमा कार्यरत निजी स्रोतका छ जना शिक्षक शिक्षिकालाई बराबर पुग्ने गरी बाँडेका छन् । "दसैँका बेला मेरो खातामा तलब आइपुग्यो", उनले भने, "आफूसँग विद्यालयमा पढाउने अति लगनशील शिक्षकलाई दसैं जस्तो महत्वपूर्ण पर्वको समयमा खाली हात पठाउनसक्ने कुरै भएन, बरु आफू खाली हुनु ठिक छ भनी पाएको तलब पछि सोध भर्ना हुनेगरी बाँडिदिए ।"



*दसैँका बेला तलब थाप्न नपाएपछि उनीहरु निराश बनेका छन् । यसैबीच दसैँका बेला बेखर्ची भएका निजी स्रोतका शिक्षकलाई दीपनगर आधारभूत विद्यालयका प्रधानाध्यापक धर्मा भण्डारीले आफ्नै तलव वापतको रकम वितरण गरेका छन् । उनले साउनदेखि असोज महिनासम्मको पाएको तलब बापतको रकम विद्यालयमा कार्यरत निजी स्रोतका छ जना शिक्षक शिक्षिकालाई बराबर पुग्ने गरी बाँडेका छन् ।*

"दसैँको बिदा हुनै लाग्दा निजी स्रोतका शिक्षक तलब नपाइएपछि खाली हात घर जान थाले, भावुक भएर हेर्न थाले", प्रधानाध्यापक भण्डारीले भने, "मुटु भक्कानियो, मन थाम्न सकिन, त्यसपछि आफ्नै तलबबाट रकम बाँड्ने निधो गरे, बाँडे ।" तलब नपाएर हैरान भएका बेला प्रधानाध्यापकले आफ्नै तलबबाट दसैं खर्चका लागि रकम उपलब्ध गराएपछि निकै सहज भएको विद्यालयका शिक्षक कर्णबहादुर कुवँरले बताए । थोरै रकम पाए पनि दसैँका लागि खर्च गर्न पुग्ने भएकाले खुसी भएको उनले बताए । "स्थायी शिक्षक जस्तै हामीले पनि विद्यालयमा पठनपाठनको काम गरेका छौँ", उनले भने, "विद्यालय व्यवस्थापन समितिले राखेकाले उसैले तलब व्यहोरोस् भनेर नगरपालिकाले पठाउने अनुदान रोक्दा निकै हैरान छौँ, हतास मनस्थितिमा पनि छौँ ।" "गुणस्तरीय शिक्षाको नारा दिएर चुनाव जितेका जनप्रतिनिधिले नगर शिक्षक राख्ने बहानामा विद्यालयमा वर्षौंदेखि पठनपाठनको काम गर्दै आएका शिक्षकलाई विस्थापन गराउन तलब रोक्ने निर्णय कतिको ठिक हो", उनी भन्छन् । कक्षा १ देखि ८ सम्म पठनपाठन हुने विद्यालयमा एक जना स्थायी र एक जना राहतबाहेक अन्य छ जना शिक्षक निजी स्रोतमा कार्यरत रहेका छन् । विद्यार्थीको संख्या एक सय ६२ रहेको छ । नगरपालिकाले निजी स्रोतका शिक्षकको तलब रोके पनि वडा कार्यालयले विद्यालयलाई रु दुई लाख अनुदान रकम उपलब्ध गराउने गरी बजेट विनियोजन गरे पनि खाता सञ्चालन नहुँदा विद्यालयको खातामा रकम आई पुगेको छैन ।

खातामा रकम नआइपुग्दा निजी स्रोतका शिक्षकले तलब पाउन नसकेका हुन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्ना लुहार विद्यालयमा पढ्नेमध्ये ८० प्रतिशत बढी विद्यार्थी दलित समुदायको रहेको बताउँछन् ।

"अभिभावकको आर्थिक अवस्था कमजोर हुँदा निजी स्रोतका शिक्षकको तलब जुटाउन सकेका छैनौँ", उनले भने, "नगरपालिकाले अनुदान रकम रोक्दा विद्यालय सञ्चालन गर्न निकै अप्ठ्यारो भएको छ", उनी भन्छन्, "नगरपालिकाले विद्यालयले निजी स्रोत शिक्षकको तलबबापतको अनुदान रकम रोक्ने हो भने विद्यार्थी अनुपातमा दरबन्दीका शिक्षकको व्यवस्था गर्न सक्नुपर्छ, विद्यालयलाई राजनीति गर्ने थलोका रुपमा विकास नगरी स-साना बालबालिकाको भविष्यका बारेमा सोच्नुपर्छ ।" *-रासस*

# फितलो नीतिको शिकार बन्दै शिक्षा

**करुणा कटुवाल :**



शिक्षा विकासको मेरुदण्ड हो । शिक्षाले सबैखाले विकासका पाटाहरूलाई गति प्रदान गर्दछ । शिक्षाका माध्यमबाट सबै नागरीकलाई साक्षर तथा शिक्षित बनाउने अभियानमा हाम्रा प्रयासहरू केन्द्रित भएका छन् । सैद्धान्तिक दृष्टिकोणले विविध सिद्धान्तद्वारा शिक्षा चले पनि अन्ततः सबै शिक्षार्थीलाई गुणस्तरीय, वैज्ञानिक, समयानुकूल, रोजगारमूलक शिक्षा प्रदान गर्ने विषय नै केन्द्रीय उद्देश्यभित्र रहेको छ ।

विश्वमा भएका परिवर्तन र विकासमा शिक्षा क्षेत्रको अहं भूमिका छ भन्ने उदाहरण प्रशस्त मात्रामा पाउन सकिन्छ । नेपाल जस्तो विकासोन्मुख देशमा शिक्षालाई प्रविधियुक्त, गुणस्तरीय, सर्वसुलभ एवं पहुँचयोग्य बनाई योग्य र दक्ष जनशक्ति निर्माण गरिनुपर्ने अवस्थामा पछिल्ला दिनहरूमा शिक्षा क्षेत्रमा देखा परेका विकृति अनि विसङ्गति तथा सरकारी तवरबाटै यस्ता विसंगतिलाई मलजल पुग्ने गरी निर्माण हुन लागेका नीति नियमले शिक्षा क्षेत्रलाई तहसनहस त बनाउँछ नै राज्य पनि शिक्षा जस्तो संवेदनशील विषयमा समेत जिम्मेवार बन्न नसकेको महशुस गराएको छ ।

*नेपाल जस्तो विकासोन्मुख देशमा शिक्षा क्षेत्रको यथोचित विकास तथा उत्पादित शिक्षित जनशक्तिलाई समेत आवश्यक अवसरहरू उपलब्ध गराउन नसक्नुको परिणाम स्वरूप दिनहुँ हजारौं युवा जनशक्ति रोजगारीका लागि विदेश पलायन हुनु परेको तितो यथार्थ हामीसामु रहेको छ । विगत एक वर्षको अन्तरालमा विदेश अध्ययनका लागि अनुमतिपत्र लिने विद्यार्थीको संख्या तीव्र रूपले बढेको छ । २०७९ साउनदेखि चैतसम्मको तथ्यांकलाई हेर्ने हो भने ९ महिनामा मात्रै ८० हजारभन्दा बढी विद्यार्थीले वैदेशिक अध्ययनका लागि अनुमतिपत्र लिएका छन् ।*

नेपाल जस्तो विकासोन्मुख देशमा शिक्षा क्षेत्रको यथोचित विकास तथा उत्पादित शिक्षित जनशक्तिलाई समेत आवश्यक अवसरहरू उपलब्ध गराउन नसक्नुको परिणाम स्वरूप दिनहुँ हजारौं युवा जनशक्ति रोजगारीका लागि विदेश पलायन हुनु परेको तितो यथार्थ हामीसामु रहेको छ । विगत एक वर्षको अन्तरालमा विदेश अध्ययनका लागि अनुमतिपत्र लिने विद्यार्थीको संख्या तीव्र रूपले बढेको छ । २०७९ साउनदेखि चैतसम्मको तथ्यांकलाई हेर्ने हो भने ९ महिनामा मात्रै ८० हजारभन्दा बढी विद्यार्थीले वैदेशिक अध्ययनका लागि अनुमतिपत्र लिएका छन् । यसरी देश परिवर्तन तथा विकासका संवाहक भनिएका युवाशक्तिको विदेश पलायनलाई न्यूनीकरण गर्न पहल गर्नुपर्ने अवस्थामा झन् सरकारद्वारा केही दिनअघि मात्र संसदमा दर्ता गरिएको विद्यालय शिक्षा विधेयक २०८० ले शिक्षा क्षेत्रमा कुठाराघात गरेको छ । यसले जनशक्ति पलायनको वर्तमान अवस्थालाई झन् विकराल बनाउने कुरा निश्चित छ । त्यसैगरी २०० भन्दा बढी कलेजमा १०० जना भन्दा कम विद्यार्थी भएका कारण सामुदायिक र आङ्गिक कलेजको हकमा न्यून विद्यार्थी भएका कार्यक्रम समेत गाभ्ने निर्णयमा विश्वविद्यालय अनुदान आयोग पुगेको छ । ११ विश्वविद्यालयका सामुदायिक आङ्गिक कलेज र सम्बन्धन प्राप्त निजी गरी ११४० कलेजमा विद्यार्थी अभाव भएको कुरा विश्वविद्यालयले बारम्बार भनिरहेको छ । शिक्षा क्षेत्रको विकासका लागि भनेर ल्याइएको उक्त विधेयक विकसित देशको परिप्रेक्ष्यमा उपयुक्त हुन सक्ला तर हाम्रो जस्तो देशमा सान्दर्भिक हुन सक्दैन । उक्त विधेयकमा रहेका केही विषय शिक्षालाई राजनीतिबाट मुक्त बनाउने, आवास सहितको सामुदायिक विद्यालयको व्यवस्था, शिक्षक बढुवाको सवालमा ५ शैक्षिक सत्रको सट्टा अहिले आधारभूतलाई ४ वर्ष र माध्यमिकलाई ५ वर्ष राखिनु, आन्तरिक कोटातर्फ माध्यमिक तहको लागि पहिले जिल्लागत थियो अहिले प्रदेशगत बनाउनु जस्ता केही पक्षहरू राम्रो छन् । तर, आधारभूत तहलाई १२ पास र माध्यमिक तहलाई स्नातक तह उत्तीर्ण हुनुपर्ने पहिलेको व्यवस्थालाई प्रतिस्थापन गरि नयाँ प्रस्तावित ऐनको दफा ५० को उपदफा १ को ख मा आधारभूत तहको साधारण शिक्षकको हकमा जुनसुकै विषयमा स्नातक तह तथा विषयगत शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने र माध्यमिक तहको शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने जुन व्यवस्था गरिएको छ, यसले शैक्षिक गुणस्तरलाई सुधार त गर्ला तर शिक्षकको मर्यादाक्रम र पारिश्रमिकलाई भने बेवास्ता गरेको छ ।

पछिल्लो समय चारवर्षे स्नातक तह बनाएपश्चात् स्नातक तहको अवधि लामो तर सो मुताविकको रोजगारीको अवसरको सुनिश्चितता नहुनुका कारण स्नातक तह अध्ययन गर्ने विद्यार्थी संख्या धेरै नै घटेको तथ्यांकले देखाउँछ, जसलाई सुधार गरेर जानुपर्ने अवस्थामा विधेयक मार्फत ल्याउन लागिएको ऐनले यो विषयलाई झन् जटिल बनाउने देखिन्छ । खस्किंदो देशको अर्थतन्त्र र गरिबीको कुचक्रले जेलिएको हाम्रो समाज तथा विपन्नताका कारण स्नातक तहसम्म पनि अध्यायन गर्न कठिन हुने तथा भरथेग गरी स्नातक तहसम्मको अध्ययन पश्चात् पनि क्षमता अनुसारको रोजगारीको अवसर नपाउनु र कम पारिश्रमिकले जीवन धान्न गाह्रो हुनु जस्ता कारणले नेपालको शिक्षा प्रति युवामाझ नैराश्यता देखिन्छ । यति मात्र नभएर १२ कक्षा उत्तीर्ण गरेपश्चात् निजामती सेवामा नायब सुब्बा तह र स्नातक उत्तीर्ण पश्चात् अधिकृत तहको आयोगको परीक्षामा सहभागिता हुन पाउने व्यवस्था छ तर शिक्षा क्षेत्रमा उक्त व्यवस्था हटाई राज्यले नै विभेदकारी नीति ल्याएका कारण धेरै युवा विदेशिन बाध्य हुने छन् । शिक्षक बढुवाको विषयमा पनि दफा ६० को उपदफा ३, ४ र ५ मा विशिष्ट श्रेणीमा बढुवा हुन माध्यमिक तहको प्रथम श्रेणीमा १५ वर्ष काम गरेको हुनुपर्ने व्यवस्था गरिएको छ । जुन लगभग अवकाशको समय हुने भएको कारण सो व्यवस्थाले शिक्षकको अपहेलना गरेको समेत महसुस भएको छ । सोही माथि २०, २५ तथा ३० वर्षभन्दा बढी स्थायी सेवा गरेका शिक्षकलाई नियमानुसार पाउने १० प्रतिशत, १५ प्रतिशत तथा २० प्रतिशत थप गरी दिने औषधि उपचार खर्चको रकमलाई समेत कटौती गरेर स्वास्थ्य सुविधा जस्तो संवेदनशील विषयमा पनि गैरजिम्मेवारी तरिकाले ल्याउन लागिएको यो ऐनले शिक्षण पेशालाई नै निरुत्साहित बनाएको छ । साथै प्रस्तावित ऐनमा शिक्षकहरूको नियुक्ति तथा सजायसम्मको अधिकार स्थानीय तहलाई प्रदान गरेको कारण अधिकारको दुरूपयोग तथा राजनीतिक पूर्वाग्रहले समेत कारबाही हुनसक्ने अवस्था आउन सक्ने देखिन्छ । नयाँ ऐनको प्रावधान अनुसार आधारभूत तहको शिक्षकका लागि स्नातक तह उत्तीर्ण र माध्यमिक तहको शिक्षकका लागि स्नातकोत्तर उत्तीर्णको योग्यता हुनुपर्ने रहेको छ । तर यसभन्दा अघि आधारभूत तहको अध्यापन अनुमतिपत्रका लागि कक्षा १२ र माध्यमिक तहको अध्यापन अनुमतिपत्रका लागि स्नातक उत्तीर्ण गरेर अनुमति पत्र लिई बसेका कैयौं जनशक्ति सम्बन्धित तहको अध्यापनको लागि दक्ष भनेर अनुमतिपत्र हातमा भएतापनि हालको योग्यताक्रम अनुरूपको तह पूरा नगरेका यस्ता जनशक्तिले अब आयोग लड्न पाउने कि नपाउने भन्ने बारे अन्योलता देखिन्छ । यसरी शिक्षा क्षेत्रलाई संकुचित बनाएर लैजानुको साथै सामुदायिक विद्यालयलाई निरुत्साहित गर्दै निजी विद्यालयहरूलाई प्रोत्साहन गरेको जस्तो देखिन्छ ।

यी र यस्ता विषयमा बृहत् छलफल तथा परामर्श गरी आवश्यक परिमार्जनपश्चात् मात्र ऐन पारित गरी शिक्षण पेशालाई आउने दिनहरूमा युवापुस्ताहरू बीच थप आकर्षण हुने गरी लैजानुपर्ने देखिन्छ । यसरी अव्यावहारिक शैक्षिक नीतिले शिक्षा क्षेत्रलाई धरासायी बनाउनुका साथै समग्र देशको विकासमा अवरोध सिर्जना हुन्छ । त्यसैले विद्यालय शिक्षा विधेयक २०८० लाई व्यावहारिक परिमार्जन गरी अगाडि बढाउनु आजको आवश्यकता हो ।

***-अनलाइन खबर डटकम***

# नवरात्र आरम्भसँगै भगवती मन्दिरहरुमा भक्तजनको घुइँचो

**कृष्ण पोखरेल**

**पाल्पा,** असोज २८/वडा दशैंको पहिलो दिन आइतबार पाल्पाका विभिन्न शक्ति पिठ तथा देवी भगवतीका मन्दिरहरुमा भक्तजनहरुको भिडभाड बढेको छ । भक्तजनहरु विहानै नदी तलाउँ, धारा कुवामा स्नान गरी चोखो वस्त्र पहिरिएर पुजा पाठ, तथा दर्शनको लागि भगवती दुर्गाका मन्दिरहरु पुगेका छन् ।



जिल्लाको डाँडा टाकुरामा रहेका भगवती दुर्गाका मन्दिरहरु सरसफाई गरी आइतबार नवरात्रदेखि देवीको नित्य पुजा आजा शुरु गरिएको छ । पाल्पामा अधिकाश देवी, भगवती, दुर्गाका मन्दिरहरु, डाँडाको टुप्पोमा निर्माण गरिएका छन् । नवदुर्गा शुरु भएपछि भगवती मन्दिरका वरीपरी भक्तजनहरु भजन कृर्तन, दुर्गा तथा चण्डी पाठ गर्दै देवीको आराधना गर्न भक्तजन जुटेका हुन् । तानसेनको भगवती मन्दिरमा परम्परागत नेवारी भाषाको डाफा भजनले सबैको मन तानेको छ । लोपन्मुख अवस्थामा पुगेको नेवारी डाफा भजनलाई संरक्षणको बुढादेखि युवाहरुको सहभागिता रहेको छ । परम्परागत भजन संस्कृति बुढापाकामा मात्र रहेको अवस्थामा युवाहरुलाई समेत डाफा भजन स्तुतीमा सहभागी गराएर तानसेनको पुरानो भजन संस्कृतिको जर्गेनाका लागि सहयोग पुगेको संस्कृतिकर्मी राजेन्द्रगोपाल सिंहले बताए ।

भगवती मन्दिरमा तानसेन भजन संरक्षण समिति र भगवती भजन समुहले नियमित रुपमा नवरात्री भरी डाफा भजन गर्दै आएका छन् । तानसेनको भगवती मन्दिर, रम्भा पानीको रम्भादेवी मन्दिर, भुवनपोखरीको रैनादेवी मन्दिर, बतासेको कालिका मन्दिर लगायतका मन्दिरमा पुजा आजाका लागि भक्तजनको अध्याधिक भिड हुने गर्दछ । पाल्पामा नवदुर्गाको समयमा मन्दिर वरीपरी विभिन्न समुहबाट सामुहिक देवी स्तुती भजन किर्तन गर्ने परम्परा हालसम्म कायम रहेको पाइन्छ । नवदुर्गाको पहिलो दिन घर-घरमा घटस्थापना गरी देवीको पुजा पाठ गरी दसैंको लागि जौं र मकैका जमरा छरेका छन् ।

# आज विश्व खाद्य दिवस




**पाल्पा,** असोज २८/आज ४३ औं विश्व खाद्य दिवस विभिन्न कार्यक्रम गरी विश्वभर मनाईंदैछ । प्रत्येक वर्ष अक्टोबर १६ मा खाद्य प्रविधि, गुणस्तर र खाद्यमा पहुँचका लागि विभिन्न कार्यक्रम गरी दिवस मनाइन्छ । संयुक्त राष्ट्र संघको विशिष्टिकृत निकाय खाद्य तथा कृषि संगठनको आह्वानमा यो दिवस मनाउने गरिएको हो । सन् १९४५ अक्टोबर १६ मा स्थापना भएको संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठनको आह्वानमा दिवस मनाउन थालिएको हो ।

सन् १९७१ मा राष्ट्र संघको २० औं साधारण सभाले खाद्य तथा कृषि संगठनको स्थापनाको अवसरमा दिवस मनाउने प्रस्ताव पारित गरेपछि सन् १९८१ अक्टोबर १६ तारिखदेखि यो दिवस मनाउन थालिएको पाइन्छ । नेपालले सन् १९५१ नोभेम्बरमा खाद्य तथा कृषि संगठनको सदस्यता पाए पनि २०३८ साल (सन् १९८१) देखि यो दिवस मनाउँदै आएको छ । विश्वमा प्रत्येक वर्ष अक्टोबर १६ मा मनाइने विश्व खाद्य दिवस अक्टोबर महिनाभरी उपयुक्त मितिमा मनाइने प्रचलन अनुसार नेपालले यस वर्ष राष्ट्रियस्तरमा आगामी बिहीबार मनाइने लागेको छ । विश्वव्यापी रूपमा स्वच्छ, पोषणयुक्त सन्तुलित भोजनको महत्वबारे जनचेतना जगाउन, भोकमरीबाट पीडित वर्गलाई उत्थान गर्नका लागि गरिने विभिन्न कार्यहरूलाई प्रवर्द्धन गर्न तथा सबैका लागि स्वास्थ आहार सुनिश्चित गर्न उक्त दिवस मनाइने भएको हो । प्रदेश र स्थानीयतह तथा अन्य कृषिसँग सम्बन्धित संघ संस्थाले भने विश्व खाद्य दिवस मनाइरहेका छन् । खाद्य दिवसको नारा 'पानी जीवन हो, पानी खाना हो' भन्ने रहेको छ । कृषि प्रधान मुलुक नेपालमा झण्डै ८० प्रतिशतभन्दा बढी मानिसहरु कृषिमा निर्भर रहेका कारण यहाँ तिव्र भोकमरीको समस्या नभएपनि बेला बेलामा आउने भूकम्प र कोरोना महामारीका कारण खाद्य संकट उत्पन्न हुने गर्दछ ।

# अनिष्टको खतराले जमरा...

...'जुन वर्ष जमरा राख्यो, त्यो वर्ष घरकी कन्याको मृत्यु भएको भन्ने छ, जमरा राख्दा घरकी छोरीको मृत्यु हुने गरेका कारण जमरा नराख्ने भनेर सल्लाह गरेर राख्न छाडिएको सुनिन्छ', सोमबहादुरले भने । दसैं मनाउने भए पनि जमरा नराख्ने माझी समुदायको प्रचलनलाई अनौठो प्रचलनका रुपमा अन्य समुदायले लिँदै आएका छन् । माझीहरूले दसैंमा जमरा लगाउन हुने भए पनि जमरा राख्न नहुने मान्यता स्थापित भइसकेको छ ।

पुर्खौंदेखि कालीगण्डकी नदीमा माछा मारेर, डुङ्गा खियाएर र बालुवा निकालेर गर्जो टार्दै आएका बागलुङ-१ रामरेखाका माझी समुदायले अहिले भने आफ्नो पेसा संकटमा परेको बताउँछन् । दुई वर्षदेखि नदीबाट बालुवा निकाल्न नपाएको बताउँदै रोजीरोटीका लागि समेत समस्या भएको दु:खेसो उनीहरूको छ ।

न्यून आयस्तर भएका सीमान्तकृत माझी समुदाय आश्रित भएको कालीगण्डकी नदीमा बालुवा निकाल्न नपाएपछि उनीहरू अन्य समुदायको घरमा पुगेर ज्याला मजदुरी गर्न बाध्य भएका छन् । *-रासस*

## खेलकुद समाचार

### नेपाललाई लगातार दोस्रो जित



**काठमाडौं,** असोज २८/एसीसी यू–१९ प्रिमियर कप क्रिकेट प्रतियोगितामा नेपालले लगातार दोस्रो जित हात पारेको छ । नेपालले आइतबार खेलिएको आफ्नो दोस्रो खेलमा बहराइनलाई सात विकेटले पराजित गरेको छ ।

मलेसियामा जारी प्रतियोगितामा बहराइनले टस जिती पहिले ब्याटिङ गर्दै ३७.५ ओभरमा अलआउट हुनुअघि ७७ रनमात्र बनाउन सक्यो । जवाफी ब्याटिङमा ओर्लिएको नेपालले भने ११.४ ओभरमा केवल तीन विकेट गुमाएर विजयलक्ष्य पुरा गरेको थियो । नेपालको जितमा ओपनर ब्याट्सम्यान अर्जुन कुमालले ३२ रनको योगदान गरे । उनले ३१ बलको सामना गरी पाँच चौका पनि हिर्काएका थिए । कप्तान देब खनालले पनि टोलीको जितमा ३२ रनको योगदान गरे । उनले २७ बलमा एक छक्का र चार चौका प्रहार गरे । त्यसअघि ओपनर ब्याट्सम्यान दिपक बोहराले तीन बलमा एक चौकाको मद्दतले चार रन बनाएका थिए । तेस्रो नम्बरमा क्रिज समाल्न आएका उत्तम थापामगर भने शून्य रनमै पेभेलियन फर्किए । दिपक डुम्रे पनि एक रनभन्दा अगाडि बढ्न सकेनन् । नेपाली टोलीको तीनवटै विकेट एनस ओबाइद सैयदले लिएका थिए । त्यसअघि बहराइनले ३७.५ ओभरमा अलआउट हुनुअघि ७७ रनमात्र बनाउन सकेको थियो । खेलको प्रारम्भदेखि नै नेपाली बलरहरुले बहराइनका ब्याट्सम्यानलाई दबाबमा राखेका थिए । बहराइनका माथिल्ला तीन ब्याट्सम्यानले त दोहोरो अंकमा समेत रन बनाउन सकेनन् । बहराइनका चौथो नम्बरमा क्रिज समाल्न आएका मुहम्मद बासिल अब्दुल हकिमले सर्वाधिक ३४ रन बनाएका थिए । उनले ७७ बलको सामना गरी दुई छक्का र दुई चौका पनि हिर्काए । मुहम्मद वासिलवाहेक बहराइनका अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपाल बलरसामु निरीह बनेका बहराइनका ओपनर ब्याट्सम्यान रिसब रमेश ६ रनमै पेभेलियन फर्किए । उनी टोलीका कप्तान पनि हुन् । अर्का ओपनर आयान ओबाइद सैयदले तीन रन बनाए । तेस्रो नम्बरका ब्याट्सम्यान साई सार्थक बादिराजु पनि दुई रनभन्दा अगाडि बढ्न सकेनन् । मुहम्मद अदिल हक नवाज शून्य रनमै पेभेलियन फर्किए । बहराइनका पाँच ब्याट्सम्यान त शुन्य रनमै आउट भए । बहराइनले अतिरिक्त रुपमा १७ रन पाएको थियो । नेपाली टोलीका बलर दिपेश कँडेलले ६ विकेट लिए । उनले ९.५ ओभरमा आठ मेडन राख्दै केवल चार रन खर्चिएका थिए । दुर्गेस गुप्ताले पनि चार विकेट लिए । उनले आठ ओभरमा एक मेडन राख्दै केवल २२ रन खर्चिएका थिए । यसअघि नेपालले आफ्नो पहिलो खेलमा इरानलाई दुई सय ७४ रनको विशाल अन्तरले हराएको थियो । उक्त खेलमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४०.१ ओभरमा अलआउट हुनुअघि तीन सय ५३ रन बनाएको थियो ।

## कर्पोरेट/अर्थ समाचार

# विश्व बैंकले सहुलियतपूर्ण ऋण दिदैं

THE WORLD BANK

**पाल्पा,** असोज २८/विश्व बैंकले माथिल्लो अरुण जलविद्युत आयोजनामा बनाउन १ खर्ब ३० अर्ब सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको छ । विश्व बैंकले माथिल्लो अरुण जलविद्युत आयोजनाका लागि १ खर्ब ३० अर्ब रुपैयाँ सहुलियतपूर्ण ऋण सहायता दिने भएको हो ।

विश्व बैंक र आइएमएफको संयुक्त वार्षिक बैठकमा सहभागी भएर आइतबार स्वदेश फर्किएका अर्थमन्त्री डा. प्रकाशशरण महतले अरूण जलविद्युत आयोजनामा विश्व बैंकको सहुलियतपूर्ण ऋण दिन सकरात्मक भएको बताएका छन् । आइडिएको २१ औं रिप्लेनिस्मेण्ट बैठक नेपालमा आयोजना गर्न अर्थमन्त्रीले राखेको प्रस्तावमा विश्ववैंक सकारात्मक रहेको बताइएको छ । बैठकमा निजी लगानी तथा वाह्य पुँजी परिचालन बढाउने, सम्भाव्य परियोजनाहरूको पाइपलाइन विकास गर्ने, सार्वजनिक निजी साझेदारीमा परियोजना विकासका लागि प्राविधिक सहयोग परिचालन गर्ने, स्थानीय मुद्रामा आधारित बण्डमार्फत थप पुँजी परिचालन गर्ने र आइ एफ सी को आगामी कन्ट्री पार्टनरसीप फ्रेमवर्कमा यी कुरा समावेश गर्ने विषयमा छलफल भएको भएको थियो ।

नेपाल जलवायु परिवर्तनको गैरअनुपातिक असरबाट प्रभावित रहेकोले ऋण सहायता अझ बढी सहुलियतपूर्ण बनाउनुपर्ने र क्षमता विकासका कार्यक्रममा लगानी गर्ने कुरामा जोड दिइएको थियो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई